# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं ०८२।०८३
च.नं.
सूचना नं-००१

मितिः २०८२।१०।२६
नेपाल संवत् ११४६, सिल्लागा, अष्टमी, सोमवार

<u>घरभाडामा लिने सम्वन्धी सूचना ।</u>

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत ३ नं वडा कार्यालयको प्रयोजनको लागि घरभाडामा लिन आवश्यक भएकोले ईच्छुक घरधनीले यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद शाखावाट भाडा रकम उल्लेख गर्ने सम्वन्धी फाराम प्राप्त गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र देहायको सर्त बमोजिम यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद शाखामा घरभाडाको रकम सहितको निवेदनसाथ तपसिलको कागजात पेस गर्नु हुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम ११ मा भएको व्यवस्था बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. <u>घर आवश्यक भएको क्षेत्र:</u>
   - भरतपुर महानगरपालिका वडा नं ३ अन्तर्गत शहिदचोक/ आनन्दमार्ग/ न्यूरोड/ वेलचोक/ नौघरे/ वाह्रघरे/ नगरवन मार्ग ।
   - कम्तिमा ६ मिटरको पक्की सडकसंग सटेको ।

२. <u>घरको वनावट, प्रकृति र क्षेत्र:</u>
   - घर आरसीसी ढलान गरेको पक्की हुनुपर्ने ।
   - प्रत्येक कोठा कम्तिमा १३*१४ फिट साइज भएको हुनुपर्ने ।
   - कम्तिमा ८ वटा कोठा भएको हुनुपर्ने ।
   - गाडी तथा मोटरसाइकल पार्किङ्गको व्यवस्था भएको हुनुपर्ने ।
   - कम्तिमा २ वटा शौचालयको सुविधा भएको हुनुपर्ने ।

उप-सचिव

# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं ०८२।०८३
च.नं.

- खानेपानी, बिजुली, टेलिफोन, इन्टरनेट र ढलको राम्रो व्यवस्था हुनुपर्ने ।

३. घरधनीले पेस गर्नुपर्ने कागजातहरुः

- घर भाडामा दिने सम्बन्धी निवेदन र आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट बुझिलिएको भाडारकम उल्लेख गर्ने सम्बन्धी फाराम (पूरा विवरण भरेर पेस गर्नुपर्ने),
- घरधनीको नागरिकता प्रमाणपत्रको छायाँप्रति थान-१
- घरजग्गाको जग्गाधनी प्रमाणपुर्जाको छायाँप्रति थान-१
- भाडामा लगाइने घरजग्गाको सम्पत्तिकर तिरेको रसिदको छायाँ प्रति थान-१
- घर सम्पन्न प्रमाणपत्रको छायाँ प्रति थान-१

................
(शेषकान्त पौडेल)
उपसचिव

<u>थप समन्वय तथा जानकारीका लागिः</u>

आन्तरिक व्यवस्थापन तथा खरिद शाखाः
वरिष्ठ शाखा अधिकृत झलक कुमार श्रेष्ठ (९८६१३४५१८२)
अधिकृत कृष्ण प्रसाद सिग्देल (९८४५०६२६२१)